*लगानी, उत्पादन र निर्यात*

# आर्थिक वर्ष २०७९/८० को
# बजेट कार्यान्वयन योजना

संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को बजेट बक्तव्यमा समावेश आर्थिक विकास, औद्योगिक प्रवर्द्धन तथा लगानीको वातावरण सुधार सम्बन्धी विषयहरूको प्रभावकारी कार्यान्वयनका लागि गरिनु पर्ने कार्यहरूको विवरण

स्वदेशी
हाम्रो सामान, हाम्रै स्वाभिमान

नेपाल उद्योग परिसंघ

बौद्धिक साझेदार

PIONEER LAW ASSOCIATES

© Confederation of Nepalese Industries

© Confederation of Nepalese Industries



# बजेट कार्यान्वयनको अभिलाषा

सरकारका योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि नेपालको निजी क्षेत्रको नेतृत्वदायी संस्थाको रुपमा नेपाल उद्योग परिसंघ निरन्तर सहकार्य र समन्वय गर्दै आइरहेको छ । यस सन्दर्भमा प्रत्येक आर्थिक वर्षमा सरकारले बजेटमार्फत प्रस्तुत गर्ने कतिपय परियोजना तथा कार्यक्रमहरू पूर्ण रुपमा कार्यान्वयनमा आउन नसकेको अनुभव निजी क्षेत्रले गर्दै आएको छ ।

चालु आर्थिक वर्ष २०७९/८० को बजेटमा दोस्रो चरणको सुधारका कार्यक्रमसहित औद्योगिकरण र सार्वजनिक निजी साझेदारी (पीपीपी) लाई प्रोत्साहन गर्न खोजेको हामीले पाएका छौं । यो बजेटको सफल कार्यान्वयनले मुलुकको औद्योगिकरणमा टेवा पुऱ्याउने हामीहरूको विश्वास छ । बजेटले निर्दिष्ट गरेको परियोजना तथा कार्यक्रमहरूलाई अगाडि बढाउन परिसंघले केही विषयवस्तुहरूको पहिचान गरेको छ ।

यसबाट निजी क्षेत्र र आर्थिक समृद्धिसँग जोडिएका परियोजना तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि कुन निकायको भूमिका के हो ? के कस्ता कानूनी सुधार आवश्यक छन् ? भन्ने विषयलाई स्पष्ट रुपमा देखाउने प्रयास गरेका छौं । यसले बजेटले निर्दिष्ट गरेका लक्ष्यहरू हासिल गर्न सघाउ पुग्ने विश्वास हाम्रो छ ।

**विष्णु कुमार अग्रवाल**
अध्यक्ष
नेपाल उद्योग परिसंघ

© Confederation of Nepalese Industries

## औद्योगिक विकास

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १. | ७६ | नेपालबाट निकासी हुने वस्तुहरूको सहज निकासीको लागि गुणस्तर परीक्षण गर्न विद्यमान प्रयोगशालाहरूलाई अन्तर्राष्ट्रिय स्तरको प्रयोगशालाका रूपमा स्तरोन्नति गरिनेछ । | १. नेपालका प्रमुख निकासी गन्तव्य मुलुक पहिचान गरी त्यहाँका प्रयोगशालाहरूसँग नेपाली प्रयोगशालाको आपसी पहिचान तथा समकक्षता MRA हासिल गर्दै परिक्षणको दायरा विस्तार गरिनु पर्ने ।<br>२. TEPC ले नेपालबाट निकासी हुने वस्तुको गन्तव्य मुलुकको गुणस्तर मापदण्ड पहिचान गर्नुपर्ने, सोको आधारमा NBSM तथा DFTQC ले आफ्नो परिक्षणको दयारा विस्तार गर्नुपर्ने । | १. उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय<br>२. नेपाल गुणस्तर तथा नाप तौल विभाग<br>३. खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग<br>४. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र |
| २. | ७७ | निजी क्षेत्रलाई आर्थिक वृद्धिको इञ्जिनको रूपमा स्थापित गरिनेछ । निजी क्षेत्रको लगानी, उद्यमशीलता र अनुभवलाई मुलुकको आर्थिक विकासमा परिचालन गर्न व्यवसायमैत्री वातावरण निर्माण गरिनेछ । कानून तथा कर प्रणालीमा सुधार र पूर्वाधार सुविधा उपलब्ध गराई उद्योग व्यवसाय गर्न लाग्ने समय र लागत घटाइनेछ । | १. नेपाल उद्योग परिसंघले प्रस्ताव गरेको लगानी तथा औद्योगिक वातावरणका लागि प्रतिकूल हुने कानूनहरूको सूची अनुसार सम्पूर्ण कानूनहरूमा सुधार गरिनु पर्ने ।<br>२. सालबसाली रुपमा आन्तरिक राजस्व विभागलाई राजस्व परामर्श समितिले कर प्रणालीमा सुधार गर्नुपर्ने भनि दिएको सूझावहरू अनुशरण गरि कर कानून संशोधन गर्नुपर्ने । | १. कानून न्याय तथा संसदीय मामिला मन्त्रालय<br>२. सम्वन्धित अन्य सवै मन्त्रालय |
| ३ | ७८ | निर्माणाधीन औद्योगिक क्षेत्र र औद्योगिक ग्रामहरूको निर्माण कार्य समयसीमा भित्रै सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ । | १. DPR भइसकेका ५ वटा औद्योगिक क्षेत्रको निर्माण तत्काल सुरू गर्नुपर्ने तथा शक्तिखोर औद्योगिक क्षेत्र सार्वजनिक निजी साझेदारीमा नेपाल उद्योग परिसंघलाई संचालन अनुमति प्रदान गरिनु पर्ने ।<br>२. Pre Feasibility भइ रहेका ५ वटा औद्योगिक क्षेत्रहरूको तत्काल DPR गरिनु पर्ने ।<br>३. योजनामा रहेका ६ वटा औद्योगिक क्षेत्रको यसै आर्थिक वर्ष भित्र Pre Feasibility सम्पन्न गरि DPR का लागि कार्य अगाडि बढाइनु पर्ने । | १. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रलय<br>२. अर्थ मन्त्रालय |

© Confederation of Nepalese Industries

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ४ | ७८ | निजी क्षेत्रका रुग्ण उद्योगहरूलाई सञ्चालनमा ल्याउन उत्प्रेरित गरिनेछ । | १. रुग्ण उद्योगले प्राप्त गर्ने भनि तोकिएका सहुलियत तथा सुविधाहरू यस्ता उद्योगले सहजै प्राप्त गर्ने तथा यस्ता उद्योग संचालन वा खारेजीको प्रक्रिया व्यवहारिक तथा सरलीकृत गरिनु पर्ने ।<br>२. कुनै निकायको स्वामित्व परिवर्तन पछि व्यवसायिक उद्देश्य परिवर्तन नभई पहिलेकै व्यवसायलाई निरन्तरता दिएको अवस्थामा आयकर ऐन, २०५८ को दफा ५७ (२) को व्यवस्था लागू नहुने गरी कानून संशोधन गर्नुपर्ने । | १. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रलय<br>२. अर्थ मन्त्रालय<br>३. नेपाल राष्ट्र बैंक |
| ५ | ६७ | सर्जकहरूको बौद्धिक सम्पत्ति एवं प्रतिलिपि अधिकारको संरक्षण गरिनेछ । बौद्धिक सम्पत्तिको चोरी तथा प्रतिलिपि अधिकार उल्लंघन गर्ने उपरको कारवाही प्रक्रियालाई प्रभावकारी बनाइनेछ । | **पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ :**<br>पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ धेरै पुरानो भएकाले सो ऐनलाई खारेज गरी बौद्धिक सम्पत्ति सम्बन्धी प्रचलित कानूनलाई संसोधन र एकीकरण गर्न बनेको विधेयक, २०७६ लाई समयसापेक्ष बनाई निम्न प्रावधानहरूमा संशोधन गरी यथाशिघ्र लागु गर्नुपर्ने ।<br>१. दर्ता आवेदन वा दर्ता विवरणको जानकारी<br>२. विद्युतीय अभिलेखीकरण तथा फाइल व्यवस्थापन<br>३. औद्योगिक सम्पत्ति दर्ता गर्न लाग्ने समय र औद्योगिक सम्पत्ति बुलेटिन तथा जर्नल प्रकाशन<br>४. धेरै समयसम्म विचाराधीन भई दर्ता प्रक्रियामा अड्केका आवेदनहरूको फरफारक<br>५. पेटेन्टग्राह्य र अग्राह्य विषयवस्तु र पेटेन्टको दायरा<br>६. ख्यातिप्राप्त अथवा सुपरिचित ट्रेडमार्कको संरक्षण<br>७. अन्तर वर्गीय संरक्षण (Cross Class Protection)<br>८. ट्रेडमार्कको प्रयोग सम्बन्धी व्यवस्था<br>९. ट्रेडनेम अथवा कर्पोरेट नेमको दर्ता र संरक्षण<br>१०. मुद्दा मामिलाको किनारा र छिनोफानो<br>११. बौद्धिक सम्पत्ति अधिकारको उल्लंघन तथा उल्लंघनको अवस्थामा उपचार र क्षतिपूर्तिको मापन<br>१२. अन्तरकालीन उपचार तथा रोक्का | १. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रलय<br>२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |



© Confederation of Nepalese Industries

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | | १३. नक्कली सामानको परीक्षण तथा नियन्त्रण<br>१४. पेटेन्ट, डिजाइन र ट्रेडमार्क बाहेक अन्य औद्योगिक सम्पत्तिहरूको संरक्षण<br>१५. पेटेन्टको अनिवार्य इजाजतपत्र (Compulsory Licensing)<br>**प्रतिलिपी अधिकार ऐन, २०५९ मा निम्न बमोजिम संशोधन गर्नुपर्ने:**<br>क. प्रतिलिपी अधिकार ऐन, २०५९ को दफा ३४ मा अनाधिकार प्रतिलिपिहरूको पैठारी रोक्ने सम्बन्धि भन्सार अधिकृत समक्ष निवेदन पेश पर्नुपर्ने भनेकोमा भन्सार अधिकृतको सट्टामा भन्सार विभाग समक्ष निवेदन पेश गर्नुपर्ने भनी संशोधन गर्नुपर्ने ।<br>ख. प्रतिलिपी अधिकार ऐन, २०५९ को दफा ३९ मा रोयल्टी संकलन संस्था सम्बन्धि व्यवस्था रहेकोमा नेपालमा रोयल्टी संकलन संस्थाहरूको नियमन राम्ररी नभएको तथा रोयल्टी संकलन तथा वितरणमा समेत समरुपता नभएका कारण रोयल्टी संकलन सम्बन्धि कानूनी व्यवस्था तथा कार्यान्यवनको आवश्यकता रहेको छ । | |

## भूमि

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ६५ | उद्योग स्थापनाको लागि आवश्यक पर्ने जग्गाको हदबन्दीसम्बन्धी व्यवस्था पुनरावलोकन गरिनेछ । | १. भूमि सम्बन्धी ऐन, २०२१ को दफा ७ (१) पछि प्रतिबन्धात्मक वाक्यांश थप गरी उद्योगको हकमा जग्गाको हदबन्दी लागू नहुने गरी व्यवस्था गर्नुपर्ने ।<br>२. जग्गाको हदबन्दी छुट दिने सम्बन्धी आदेश, २०७८ लाई खारेज गर्नुपर्ने ।<br>३. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३२ को उपदफा (१) देखि (५) सम्म र उपदफा (७) खारेज गर्ने । औद्योगिक व्यवसाय ऐन, २०७६ दफा ३२ को उपदफा (६) लाई दफा ३२ (१) बनाई कुनै पनि उद्योगले उद्योग संचालन गर्नको लागि राखेको जग्गा अर्को उद्योगलाई बिक्रि बितरण गर्न, वा कुनै प्रकारले हक हस्तान्तरण गर्न वा बैंक तथा बित्तिय संस्थामा धितो राख्न सक्ने व्यवस्था गर्नुपर्ने । | १. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय<br>२. भुमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय |

© Confederation of Nepalese Industries

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| २ | ६५ | उद्योग सञ्चालनका लागि ५० वर्षसम्म जग्गा लीजमा दिन सकिने व्यवस्था मिलाइनेछ । | १. मुलुकी देवानी संहिता, २०७४ को दफा ६१७ को उपदफा (१)(ग) मा औद्योगिक संरचना वा सडक, नहर, विद्युत् उत्पादन जस्ता पूर्वाधार संरचना निर्माण, विकास तथा सञ्चालनका लागि लिइएको जग्गा भए ५० (पचास वर्ष) सम्म लीजमा लिन सक्ने व्यवस्था गरी संशोधन गर्नुपर्ने ।<br>२. सरकारी जग्गा दर्ता, उपयोग तथा लीजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ६ को उपदफा (४) (ग) मा सरकारी जग्गा ५० वर्ष सम्म लीजमा उपलब्ध गराउन सक्ने व्यवस्था गरी संशोधन गर्नुपर्ने । | १. भुमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय |
| ३ | ८१ | उद्योग व्यवसाय वा प्रतिष्ठानको नाममा रहेको हदवन्दीभन्दा बढी जग्गा धितो राखी कर्जा लिन,<br>व्यवसाय टाट उल्टेमा विक्री गरी सरकारी राजस्व तिर्न र बैंक तथा वित्तीय संस्थाको कर्जा भुक्तानी गर्न पाउने व्यवस्था गरिनेछ । | १. भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ (ग) को प्रतिबन्धात्मक वाक्यांश (१) मा उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था कुनै कारणले विघटन हुने भएमा, लिक्वीडेशनमा जाने भएमा, दामासाहिमा परेमा वा व्यवसाय टाट उल्टेमा त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको दायित्व फरफारक गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही नेपाल सरकारको स्वीकृतिमा बिक्री वितरण गर्न बाधा परेको मानिने छैन भन्ने व्यवस्था गरी संसोधन गर्नुपर्ने ।<br>२. जग्गाको हदबन्दी छुट दिने सम्बन्धी आदेश, २०७८ लाई खारेज गर्ने ।<br>३. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३२ को उपदफा (१) देखि (५) सम्म र उपदफा (७) खारेज गर्ने । औद्योगिक व्यवसाय ऐन, २०७६ दफा ३२ को उपदफा (६) लाई दफा ३२ (१) बनाई कुनै पनि उद्योगले उद्योग संचालन गर्नको लागि राखेको जग्गा अर्को उद्योगलाई बिक्रि बितरण गर्न, वा कुनै प्रकारले हक हस्तान्तरण गर्न, वा बैंक तथा बित्तिय संस्थामा धितो राख्न सक्ने व्यवस्था थप गर्नुपर्ने । | १. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय<br>२. भुमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय |



© Confederation of Nepalese Industries

## नव-प्रवर्तन

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ५२ | युवा उद्यमशीलता विकास गर्न र नव-प्रवर्तन प्रवर्द्धन गर्न स्टार्टअप व्यवसायमा शुरूवाती पुँजी उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिनुका साथै यस कार्यक्रमको प्रभाव मूल्याङ्कन गरी सुधार गर्दै लगिनेछ। परियोजनाको आधारमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। यस्ता व्यवसायमा भेञ्चर क्यापिटल मार्फत पुँजी व्यवस्थापन गर्नुका साथै अध्ययन अनुसन्धानलाई प्रोत्साहन गरिनेछ। युवा उद्यमी तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिबाट सञ्चालन हुने व्यवसायलाई प्रोत्साहन गर्न च्यालेञ्ज फण्ड स्थापना गरी सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ। | १. स्टार्टअप/नवप्रवर्तन सम्बन्धी नीति तर्जुमा गरी युवा उद्यमी तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिबाट सञ्चालन हुने व्यवसायलाई प्रोत्साहन गर्न कम्तिमा रु ५० करोडको च्यालेञ्ज फण्ड स्थापना गर्नुपर्ने।<br>२. स्टार्टअप/नव-प्रवर्तन सम्बन्धि नीति अबलम्बन गरी कार्यान्वयन गर्नुपर्ने।<br>३. स्टार्टअप उद्यम प्रवर्द्धनका लागि अनुदान तथा कर्जा प्रवाह कार्यविधि, २०७८ निर्माण भएकोमा सो यथाशीघ्र लागू गर्नुपर्ने। | १. राष्ट्रिय योजना आयोग<br>२. अर्थ मन्त्रालय<br>३. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय<br>४. नेपाल उद्योग परिसंघ |
| २ | १९२ | युवाहरूलाई उत्पादनमूलक उद्यममा आकर्षण गर्न तालिम तथा शैक्षिक प्रमाणपत्रका आधारमा युवा स्टार्टअप कार्यक्रम अन्तर्गत उद्यम प्रस्तावको धितोमा सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था मिलाएको छ। | १. स्टार्टअप उद्यम प्रवर्द्धनका लागि अनुदान तथा कर्जा प्रवाह कार्यविधि, २०७८ तुरुन्त लागू गरी कार्यान्वयन गर्नुपर्ने।<br>२. स्टार्टअप उद्यम प्रवर्द्धनका लागि अनुदान तथा कर्जा प्रवाह कार्यविधि, २०७८ को दफा १२ मा स्वीकृत परियोजनालाई धितोको रुपमा राख्ने व्यवस्था गरि संशोधन गरिनुपर्ने। | १. उद्योग वाणिज्य तथा आपर्ति मन्त्रालय<br>२. नेपाल राष्ट्र बैंक |

© Confederation of Nepalese Industries

## प्रत्यक्ष वैदेशिक लगानी

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ६५ | उत्पादनमूलक एवं निर्यातजन्य उद्योगमा वैदेशिक लगानी आकर्षण गर्न एवं गैर आवासीय नेपालीको लगानी भित्र्याउन वैदेशिक लगानीसम्बन्धी कानून तथा प्रक्रियामा सुधार गरिनेछ। | १. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ तथा गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ मा गैर आवासीय नेपालीले नेपालमा विदेशी मुद्रामा लगानी गर्ने सम्बन्धी प्रावधानहरू विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ तथा नियमावली २०७८ मा एकिकरण गरी संशोधन गर्नुपर्ने।<br>२. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को दफा २ (ट) मा "विदेशी लगानीकर्ता" को परिभाषाबाट गैर आवासिय नेपाली भन्ने शब्द हटाउनुपर्ने।<br>३. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को दफा २ (ट) (१) मा गैर आवासिय नेपाली लगानीकर्ताको परिभाषा थप्नुपर्ने।<br>४. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को दफा ३ (क) मा संशोधन गरी गैर आवासिय नेपाली लगानीकर्ताले विदेशी परिवर्त्य मुद्रामा नेपालमा लगानी गर्दा लगानीको न्यूनतम सिमा, स्वीकृति प्रक्रिया, लगानी तथा आर्जित रकम फिर्ता लैजाने तथा अन्य व्यवस्थाहरू नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टै व्यवस्था गर्नुपर्ने। | १. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय |
| २ | ८० | निजी क्षेत्रलाई १०० भन्दा बढी युनिट रहने अपार्टमेन्टको बढीमा २० प्रतिशत युनिट विदेशी नागरिकलाई विदेशी मुद्रामा विक्री गर्न अनुमति दिने गरी कानूनी व्यवस्था गरिनेछ। | १. विदेशीलाई विदेशी मुद्रामा अपार्टमेन्ट खरिद गर्न अनुमति दिने, विदेशी मुद्रामा चाहेको बखत खरिद भएको अपार्टमेन्ट पुनः खरिद विक्रि गर्न पाउने, तथा विदेशी मुद्रामा खरिद भएको अपार्टमेन्ट निश्चित समय पश्चात स्वदेशी मुद्रामा विक्रि गर्न पाउने गरि कार्यविधि तर्जुमा गरि तत्काल जारी गर्नुपर्ने।<br>२. त्यसरी अपार्टमेन्ट खरिद गर्ने विदेशीलाई गैर पर्यटकीय भिसा प्रदान गर्न अध्यागमन ऐन, २०४९ र अध्यागमन नियमावली, २०५१ नियम ८ (१) मा संशोधन गर्नुपर्ने। | १. भूमी व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय<br>२. अर्थ मन्त्रालय<br>३. भैतिक पुर्वाधार तथा यातायात मन्त्रलय<br>४. सहरी विकास मन्त्रालय<br>५. परराष्ट्र मन्त्रालय |
| ३ | ३३० | धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूको लगानी खुला गर्न कानूनी व्यवस्था मिलाइनेछ। | १. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ४६ (१) मा धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूको लगानी खुला गरी आवश्यक संशोधन गर्नुपर्ने। | १. अर्थ मन्त्रालय<br>२. नेपाल राष्ट्र बैंक<br>३. धितोपत्र बोर्ड |



© Confederation of Nepalese Industries

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ४ | ३३० | वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई धितोपत्रको प्राथमिक निष्काशनमा दश प्रतिशत शेयर आरक्षित गर्ने व्यवस्था मिलाएको छ। | १. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ (१) मा वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई धितोपत्रको प्राथमिक निष्काशनमा दश प्रतिशत शेयर आरक्षित गर्ने व्यवस्था गरी संशोधन गर्नु पर्ने। | १. अर्थ मन्त्रालय<br>२. नेपाल राष्ट्र बैंक<br>३. धितोपत्र बोर्ड, |
| ५ | ५३ | लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनको लागि ठूला उद्योगसँगको अग्र तथा पृष्ठ अन्तरसम्बन्ध कायम गर्ने र करारमा वस्तु तथा सेवा उत्पादन तथा खरीद गर्ने कानूनी तथा संस्थागत व्यवस्था मिलाइनेछ। ठूला तथा मझौला उद्योगहरूले स्टार्टअपलाई सहयोग पुऱ्याउने व्यवस्था गरिनेछ। | १. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५० मा कुनै उद्योग वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सव-कन्ट्र्याक्ट) गरि वस्तु वा सेवाको उत्पादन गर्न सक्ने व्यवस्था राखी संशोधन गर्नु पर्ने। | १. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ६ | ६६ | विदेशी लगानीको न्यूनतम सीमा पुनरावलोकन गरी रु. २ करोड कायम गरिनेछ। | १. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी विदेशी लगानीको न्यूनतम सीमा प्रति विदेशी लगानीकर्ता दुई करोड रुपैयाँ कायम गरी सूचना प्रकाशन गर्ने। साथै गैर आवासिय नेपाली लगानीकर्ताले नेपालमा विदेशी मुद्रमा लगानी गर्दा न्यूनतम सिमा लागू नहुने व्यवस्था गर्नुपर्ने। | १. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ७ | ६६ | वैदेशिक लगानी आकर्षित गर्न रु. १० करोडसम्मको वैदेशिक लगानीको स्वीकृति स्वचालित प्रणालीबाट हुने व्यवस्था मिलाइनेछ। | १. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ४२ (२) ले दिएको अधिकार प्रयोग गरी प्रत्येक विदेशी लगानीकर्ताले प्रत्येक पटक लगानी गर्दा १० करोड रुपैयाँसम्मको स्वपूँजी लगानी स्वचालित मार्ग (अटोमेटिक रुट) बाट प्रदान गर्न सूचना प्रकाशन गर्नुपर्ने। | १. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय |

© Confederation of Nepalese Industries

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ८ | ६६ | ठूला लगानीकर्ताहरूले विद्युतीय माध्यमबाट प्रत्यक्ष वैदेशिक लगानी स्वीकृतिको माग गरेमा पूर्व तयारीका कार्य गर्न सक्ने गरी सात दिन भित्र प्रारम्भिक स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाइनेछ। लगानी स्वीकृति र उद्योग सञ्चालनसम्बन्धी बाँकी प्रक्रिया ६ महिनाभित्र पूरा गरी सक्नु पर्ने व्यवस्था मिलाइनेछ। | १. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ४२ (२) ले दिएको अधिकार प्रयोग गरी प्रत्येक विदेशी लगानीकर्ताले प्रत्येक पटक लगानी गर्दा १० करोड रुपैयाँसम्मको स्वपूँजी लगानी स्वचालित मार्ग (अटोमेटिक रुट) बाट प्रदान गर्न सूचना प्रकाशन गर्नुपर्ने। | १. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ९ | ७९ | वैदेशिक लगानी आकर्षित गर्न सम्भावित मुलुकहरूसँग द्विपक्षीय समझदारी एवं दोहोरो करमुक्ति सम्झौता गरिनेछ। | १. नेपालका वस्तुहरू निर्यात हुने गन्तव्य मुलुकहरू तथा नेपालमा विदेशी लगानी गर्ने मुलुकहरू जस्तै संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य (यू.के), सिंगापुर, जापान, युनाइटेड अरव इमिरेट्स, भियतनाम, अष्ट्रेलिया, मलेसियासँग PTA तथा DTAA गर्न तत्काल कार्य अगाडी बढाइनु पर्ने। | १. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२. परराष्ट्र मन्त्रालय<br>३. अर्थ मन्त्रालय |
| | | | **विदेशी लगानी सम्बन्धी अन्य प्रावधान**<br>१. विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ खारेज गर्नुपर्ने।<br>२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १० (क) बमोजिम नेपाल राष्ट्र बैंङ्कले कुनै व्यक्तिले विदेशमा उत्पादनमूलक, निर्माण व्यवसाय तथा सूचना प्रविधि क्षेत्रहरूमा लगानी गर्न पाउने गरी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने। | १. नेपाल राष्ट्र बैंङ्क |
| | | | **विदेशी लगानी स्वीकृति लिनको लागी पेश गर्नुपर्ने कागजातहरूका सम्बन्धमा**<br>१. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ को दफा ८ को उपदफा (१) (ञ) बमोजिम कागजातहरूको सूची (चेकलिस्ट) वा कार्य पुस्तिका (internal manual) तर्जुमा गरी प्रकाशन गर्ने तथा विदेशी लागानीकर्ताको पहुँचमा ल्याउने व्यवस्था मिलाउने। | १.उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२.उद्योग विभाग |



© Confederation of Nepalese Industries

## औद्योगिक क्षेत्र व्यवस्थापन

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ६० | चितवनको शक्तिखोरलगायत सम्भावित क्षेत्रमा सार्वजनिक निजी साझेदारीमा औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन गरिनेछ। नेपाल सरकारबाट घोषणा भएका १०५ वटा औद्योगिक ग्रामको पूर्वाधार निर्माण कार्य तीनै तहका सरकारको लागत साझेदारीमा सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। बाँकी स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्न आवश्यक तयारी गरिनेछ। दमक, मोतीपुर, दैजी र नौवस्तामा औद्योगिक क्षेत्रको पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गरेको छ। | १. चितवनको शक्तिखोरमा बनाउने भनि घोषणा भएको औद्योगिक क्षेत्र नेपाल उद्योग परिसंघले निर्माण गर्ने आशय यस अघि देखिनै देखाउँदै आएको छ। सरकारले औद्योगिक क्षेत्रलाई आवश्यक पर्ने बाटो, गुणस्तरीय विद्युत, पानी, ढल तथा सुरक्षा जस्ता पूर्वाधार निर्माण गरी परिसंघलाई सार्वजनिक निजी साक्षेदारीमा संचालन गर्न अनुमति दिइनु पर्ने।<br>२. यस सम्बन्धमा विस्तृत प्रस्ताव परिसंघले उपलब्ध गराउने। | १. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रलय<br>२. नेपाल उद्योग परिसंघ |
| २ | ६१ | भैरहवा र सिमरा विशेष आर्थिक क्षेत्रलाई पूर्ण रूपमा सञ्चालनमा ल्याइनेछ। पाँचखालस्थित विशेष आर्थिक क्षेत्रको निर्माण आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ। सुदूरपश्चिम प्रदेशको हरैया र प्रदेश नम्बर १ को सुनसरीमा विशेष आर्थिक क्षेत्रको निर्माण कार्य प्रारम्भ गरिनेछ। | १. विशेष आर्थिक क्षेत्रमा थप उद्योगहरू आकर्षण गर्न परिसंघले यस अघि पेश गरेको विशेष आर्थिक क्षेत्र ऐन मा गरिनु पर्ने सुधार तथा संशोधनलाई कार्यान्वयन गरिनु पर्ने।<br>२. विशेष आर्थिक क्षेत्र ऐन, २०७५ को दफा १३ लाई खारेज गर्नुपर्ने। | १. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय<br>२. विशेष आर्थिक क्षेत्र प्राधिकरण |

© Confederation of Nepalese Industries

## मेक इन नेपाल : स्वदेशी

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ५० | स्वदेशी वस्तुको उत्पादन र प्रयोग बढाउन आफ्नै उत्पादन आफ्नै उपभोग अभियान सञ्चालन गरिनेछ। सरकारी तथा सार्वजनिक निकायहरूमा स्वदेशी उत्पादन प्रयोग गर्नुपर्ने व्यवस्था मिलाइनेछ। निजी क्षेत्रले सञ्चालन गरेका मेक इन नेपाल तथा मेड इन नेपाल जस्ता अभियानलाई नेपाल सरकारबाट समेत आवश्यक सहयोग उपलब्ध गराइनेछ। | १. यो व्यवस्था कार्यान्वयनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रभावकारी अनुगमन गर्नुपर्ने ।<br>२. मेक इन नेपाल स्वदेशी अभियान अन्तर्गत प्रयोग गरिएको गैडाको लोगो अंकित वस्तुहरू सार्वजनिक निकायहरूले पनि प्रयोग गर्नुपर्ने ।<br>३. स्वदेशी अभियानका सदस्यहरूले उठान गरेका विषयहरू सुनुवाई गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत निश्चित निकाय तोकिनुपर्ने । | १. नेपाल सरकार सार्वजनिक खरिद अनुगमन कार्यालय,<br>२. नेपाल उद्योग परिसंघ |
| २ | ६८ | निरन्तर बढिरहेको आयातले वैदेशिक मुद्राको सञ्चितिमा ह्रास, चालु खाता तथा शोधनान्तर घाटा बढ्न गई अर्थतन्त्रमा चाप सिर्जना भएको छ। स्वदेशमा उत्पादन, उपभोग र निर्यात समेतको प्रचुर सम्भावना भएको कृषि, उद्योग र जलविद्युत तथा सेवा क्षेत्रको प्रवर्द्धन गरी आयात प्रतिस्थापन र निर्यात वृद्धि गरिनेछ। नेपालमा आयात हुने प्रमुख वस्तुहरूको गुणस्तरको मापदण्ड बनाई लागु गरिनेछ। | १. निर्यातको सम्भावना भएका वस्तुहरूको पहिचान गरी यस्ता सबै वस्तुहरूमा निर्यातमा नगद अनुदानको व्यवस्था गर्न सूची तयार गरिनुपर्ने ।<br>२. स्वदेशमा उत्पादन हुने वस्तुहरू उच्च मूल्य बृद्धि नहुने निश्चित गरी आयातमा कडाई गर्नुपर्ने ।<br>३. स्वदेशी उत्पादन उपभोग गर्ने प्रवृत्ति विकास गर्न परिसंघले संचालन गरिरहेको स्वदेशी अभियानलाई सहयोग गर्नुपर्ने ।<br>४. नेपालमा आयात हुने प्रमुख वस्तुहरूको पहिचान गरी त्यस्ता वस्तुहरूको मापदण्ड नभए तत्काल बनाई कार्यन्वयन गर्नुपर्ने । | १. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रलय<br>२. गुणस्तर तथा नाप तौल विभाग व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र । |
| ३ | ८२ | ........। घरायसी र व्यापारिक प्रयोजनको लागि प्रयोग हुने एल.पी. ग्याँसको वितरण प्रणाली पुनरावलोकन गरिनेछ। | १. व्यापारिक प्रयोजनका लागि उपयोग हुने एल.पी. ग्यासमा उपलब्ध हुँदै आएको अनुदान खारेज गरिनुपर्ने। यसका लागि मन्त्रालयले निर्णय गरी राजपत्रमा सुचना प्रकाशित गरी लागू गर्नुपर्ने ।<br>२. व्यापारिक प्रयोजनका लागि प्रयोग हुने एल.पी. ग्यास आयात गर्न निजी क्षेत्रलाई समेत अनुमति दिनुपर्ने । | १. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय<br>२. अर्थ मन्त्रालय |



© Confederation of Nepalese Industries

# उर्जा

| क. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ७२ | मुलुकमा औद्योगिक क्षेत्रको विकास गर्न, वैदेशिक लगानी आकर्षित गर्न र उत्पादन वृद्धि एवं निर्यात प्रवर्द्धन गरी आयात प्रतिस्थापन गर्न योगदान पुग्ने गरी वार्षिक रु. १० करोडभन्दा बढीको विद्युत खपत गर्ने उद्योगलाई विद्युत महशुलमा २ देखि १५ प्रतिशत सम्म छुट दिने व्यवस्था मिलाएको छ। | विद्युत नियमन आयोगबाट जारी भएको विद्युत उपभोक्ता महसुल निर्धारण निर्देशिका, २०७३ को दफा ३ अनुसार विद्युत महसुलमा केहि परिवर्तन गर्न आयोगको स्वीकृति लिनु पर्ने व्यवस्था अनुसार निम्न कार्य गर्न आवश्यक हुने देखिन्छः<br>१) नेपाल विद्युत प्राधिकरणले उद्योगहरूको बर्गीकरण गरि महसुल परिवर्तन गर्न विद्युत उपभोक्ता महसुल निर्धारण निर्देशिका, २०७३ को दफा ३ अनुसार विद्युत नियमन आयोगमा निवेदन पेश गर्नुपर्ने।<br>२) विद्युत नियमन आयोगद्वारा निवेदन जाँच गरि महसुल परिवर्तन गर्न अनुमति प्रदान गर्नुपर्ने। | १. विद्युत नियमन आयोग<br>२. नेपाल विद्युत प्राधिकरण |
| २ | २५० | राष्ट्रिय तथा अन्तरदेशीय विद्युत प्रसारण लाइनको सुदृढीकरण, विस्तार एवं स्तरोन्नती गरी विद्युत प्रसारण एवं वितरण प्रणालीलाई प्रभावकारी र भरपर्दो बनाइनेछ। नदी बेसिनमा आधारित ४०० के.भी. स्तरका कर्णाली कोरिडोर, भेरी कोरिडोर र अरूण कोरिडोर प्रसारण लाइनको सार्वजनिक निजी साझेदारीमा वित्तीय स्रोत सुनिश्चित गरी निर्माण प्रक्रिया अगाडि बढाइनेछ। | हाल निर्माणाधीन विद्युत प्रसारण लाइन र वितरण प्रणालीको निर्माण सबै नेपाल विद्युत प्राधिकरणद्वारा भइरहेको र सम्बन्धित निकायको निरीक्षण नभएको अवस्थामा यी पूर्वाधार निर्माणको कार्य निकै ढिला सम्पन्न भइरहेको कारण निम्न कार्य गर्न आवश्यक देखिन्छः<br>१) विद्युत नियमन आयोग ऐन २०७४ को दफा १७ मा संशोधन गरि विद्युत प्रसारण र वितरण पूर्वाधारको निर्माण निरीक्षण गर्ने दायित्व विद्युत नियमन आयोगलाइ दिनुपर्ने र नेपाल विद्युत प्राधिकरणले समय समयमा सबै निर्माणको प्रगति विवरण पेश गरि सार्वजनिक गर्नुपर्ने व्यवस्था गर्नुपर्ने। विद्युत प्रसारण लाइन र वितरण प्रणाली सबै नेपाल विद्युत प्राधिकरणद्वारा भइरहेको अवस्थामा यी पूर्वाधार निर्माणको कार्यमा निजी लगानी आकर्षित गर्न निम्न कार्य गर्नु पर्ने देखिन्छः<br>क) पूर्वाधार निर्माणमा आवश्यक पर्ने जग्गा सरकारद्वारा उपलब्ध गराइनु पर्ने।<br>ख) "Viability Gap Funding" जस्ता विभिन्न सहुलियतको व्यवस्था गरिनुपर्ने। | १. अर्थ मन्त्रालय,<br>२. राष्ट्रिय योजना आयोग,<br>३. विद्युत नियमन आयोग,<br>४. नेपाल विद्युत प्राधिकरण<br>५. ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय,<br>६. सर्वोच्च अदालत |

© Confederation of Nepalese Industries

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | | २) निजी क्षेत्रको लगानीमा बन्ने पूर्वाधार नियमन र सहजीकरण गर्न wheeling policy, pricing mechanism, electricity unbundling policy जस्ता नीति निर्माण गर्नुपर्ने । विद्युत प्रसारण लाइन र वितरण प्रणाली निर्माणको कार्यमा जग्गा अधिग्रहण, वातावरण जस्ता विभिन्न विषयमा अदालतमा मुद्धा पर्ने र यी मुद्धामा फैसला गर्न निकै समय लाग्ने समस्या देखिएको कारण निम्न कार्य गर्नुपर्ने आवश्यक देखिन्छः<br>क) सर्वोच्च अदालत नियमावली २०७४ मा आवश्यक संसोधन गरि विद्युतसँग सम्बन्धित पूर्वाधार निर्माण विरुद्ध दायर हुने मुद्धामा संक्षिप्त कार्याविधिद्वारा छिटो फैसला गर्ने र अति आवश्यक स्थितिमा मात्रै अन्तरिम आदेश जारी गरि निर्माण प्रक्रिया रोक्ने नीति अवलम्बन गर्नुपर्ने । | |
| ३ | २४० | आगामी दुई वर्ष भित्र सबै नागरिकहरूलाई विद्युत सुविधा उपलब्ध गराइनेछ । ठुला र जलाशययुक्त आयोजनाको लागि श्रोत व्यवस्थापन सहित लघु तथा मझौला जलविद्युत र नवाकरणीय उर्जाको विकास गरि जलश्रोतको बहु-उपयोग गरिनेछ ।<br>निर्माणाधिन जलविद्युत आयोजनाहरू र प्रशारण लाइन निर्माण गर्नुका साथै सबस्टेशनहरू निर्माण गरी विद्युतको निर्वाध आपूर्तिको प्रत्याभूति गरिनेछ ।<br>आर्थिक विकास र व्यापार सन्तुलन कायम गर्ने मुख्य उपकरणको रुपमा विद्युतीय उर्जाको विकास गरिनेछ । द्विपक्षीय व्यापार सम्झौता गरी आन्तरिक खपतबाट बचत भएको ऊर्जा निर्यात गरिनेछ । | जलाशययुक्त जलविद्युत आयोजनामा निजी लगानी आकर्षित गर्न सरकारले निम्न कार्य गर्नुपर्ने देखिन्छः<br>१) विद्युत नियमन आयोगद्वारा Fixed Tariff को नीति खारेज गरि Cost Plus Tariff को नीति अवलम्बन गर्नुपर्ने ।<br>२) सरकारले जग्गा उपलब्ध गराउने ।<br>३) लामो समयको लागि अनुमतिपत्र दिने ।<br>४) निःशर्त लिउ वा तिर विद्युत खरिद सम्झौता गर्ने ।<br>५) लगानीको सुनिश्चितताको लागि Viability Gap Funding को व्यवस्था गर्नुपर्ने ।<br>६) लगानीकर्ता मैत्री हेजिंग सुविधा दिने । | १. ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय |



© Confederation of Nepalese Industries

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ४ | २४९ | '... डिजेल बोईलरलाई क्रमशः विद्युतीय बोईलरले विस्थापन गरिनेछ। | १. उद्योगहरूलाई डिजेल बोइलर विस्थापन गरि विद्युतीय बोइलर जडान गर्न पर्याप्त प्रोत्साहन दिन सहुलियतमा विद्युतीय बोइलर उपलब्ध गराउने, विद्युतीय बोइलर जडान गर्ने उद्योगलाई कर छुट जस्ता सुबिधा दिने, उद्योगहरूलाई विद्युतीय बोइलरका फाइदा बारे सचेत गराउने, विद्युतीय बोइलर जडान गर्दा लाग्ने खर्चलाई सामाजिक उत्तरदायित्वमा लगानीको रुपमा पहिचान गर्ने जस्ता कार्य गर्न आवश्यक देखिन्छ। | १. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२. अर्थ मन्त्रालय |

## निर्यात प्रवर्दन

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ७१ | उच्च निर्यात सम्भावना भएका क्लिङ्कर, सिमेन्ट, स्टील, फुटवेयर, प्रशोधित पानी लगायतका वस्तुहरू र सूचना प्रविधिमा आधारित सेवा तथा बिजिनेस प्रोसेस आउटसोर्सिङ जस्ता सेवाहरू पहिचान गरी निर्यात प्रवर्द्धन गरिनेछ। यस्ता वस्तुको निर्यातमा ८ प्रतिशत सम्म नगद अनुदान दिने व्यवस्था मिलाएको छ। | १. हाल कायम रहेको निर्यातमा नगद अनुदान उपलब्ध गराउने कार्यविधि तत्काल संशोधन सहित उल्लेखित वस्तु समावेश गर्दै नयाँ सूची सार्वजनिक गरी अनुदानको दर तोकिनु पर्ने।<br>२. परिसंघले उठाउदै आए सरह मुल्य अभिबृद्धिका आधारमा निश्चित मापदण्ड तोकी सो मापदण्ड पूरा गर्ने सवै वस्तुहरूलाई सो सूचीमा समावेश गरिनु पर्ने। | १. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय<br>२. अर्थ मन्त्रालय<br>३.. नेपाल राष्ट्र बैंक |

© Confederation of Nepalese Industries

## कृषि

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ५६ | स्थानीय तथा प्रदेश सरकारसँगको सहकार्यमा निजी क्षेत्रलाई गुँरास, उखु, आँप, लिची, किवी, बेल, जुनार, अंगुर, स्याउ लगायतका फलफूल खेती गर्न र यस्ता फलफूलको जुस तथा वाइन उद्योग खोल्न प्रोत्साहन गरिनेछ । अल्लो, सुपारीको पात तथा केरा लगायत वनस्पतिजन्य स्वदेशी कच्चा पदार्थमा आधारित धागो, कपडा उद्योग खोल्न निजी क्षेत्रका उद्यमीहरूलाई सहुलियत प्रदान गरिनेछ । | १. यस्ता उद्योगहरूलाई के-कस्ता सहुलियत प्राप्त हुने निश्चित गरि निजी क्षेत्रसँग सहकार्य गरि यस सम्बन्धमा विस्तृत कार्यविधि तयार गरिनुपर्ने ।<br>२. अन्य सहित जुस तथा वाइन बनाउने मेशिनको आयातमा शुन्य दरको भन्सार सहित सहुलियत उपलब्ध गराउनुपर्ने । यस्ता उद्योगले उत्पादन सुरू गरेको १० वर्षसम्म आयकर नलाग्ने व्यवस्था कायम गरिनुपर्ने । | १. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय |
| २ | ५७ | अलैंची, बेसार, अदुवा, लसुन, टिम्मुर, दालचिनी, धनियाँ, जीरा, खुर्सानी जस्ता मसलाजन्य वस्तुको उत्पादन वृद्धि गरी आन्तरिक माग पूर्ति गर्नुका साथै निर्यात गरिनेछ। यस्ता उत्पादनको प्रशोधन गर्ने उद्योग सञ्चालन गर्ने निजी क्षेत्रलाई सहुलियत दिइनेछ । | १. यस्ता उद्योगहरूलाई के-कस्ता सहुलियत प्राप्त हुने निश्चित गरि निजी क्षेत्रसँग सहकार्य गरि यस सम्बन्धमा विस्तृत कार्यविधि तयार गरिनुपर्ने ।<br>२. यस्ता उद्योग संचालनका लागि आवश्यक मेशिनरिजको आयातमा सहुलियत उपलब्ध गराइनुपर्ने ।<br>३. यस्ता वस्तुहरूको उत्पादनको प्याकेजिङको स्तर बृद्धि तथा बजारीकरणका लागि सहयोग उपलब्ध गराइनु पर्ने । | १. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय |
| ३ | ११९ | वन पैदावारको आपूर्ति बढाउन र कृषकको आम्दानी वृद्धि गर्न देशव्यापी रूपमा कृषि, वन तथा वृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिनेछ । निजी जग्गामा रहेका रूख विरूवा कटान गरी कृषि बाली सरह ओसारपोसार गर्न पाउने गरी कानूनी व्यवस्था गरिनेछ । निजी क्षेत्रको सहभागितामा उत्पादित काठको गुणस्तर अभिवृद्धि गर्न काठ सिजनिङ तथा ट्रिटमेण्ट प्लाण्ट सातै प्रदेशमा स्थापना गर्न सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने व्यवस्था गरिनेछ । | १. यस सम्बन्धमा मन्त्रालयले निर्णय गरी राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने ।<br>२. यस व्यवस्थामा वनजन्य लगायत खेती गरिएको जडिबुटी तथा औषधि जन्य वस्तु समेत समावेस गरिनुपर्ने ।<br>३. वनबाट संकलन भएका वनजन्य वस्तुहरूको छुटपुर्जी एक तहको प्रशोधन भइ सकेका वस्तुमा लागू नहुने व्यवस्था थप गरिनु पर्ने । | १. वन तथा वातावरण मन्त्रालय |



© Confederation of Nepalese Industries

## पूर्वाधार

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ९५ | मुक्तिनाथ र उपल्लो मुस्ताङलाई जोड्ने सडक स्तरोन्नती गरिनेछ । | आगामी भाद्र २३ र २४ गते हुने Nepal Infrastructure Summit 2022 मा प्रस्तुत गर्ने गरि प्रारम्भिक अध्ययन प्रतिवेदन लगानी बोर्डले तयार गर्नुपर्ने | १. लगानी बोर्ड<br>२. भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय |
| २ | ९५ | वीरेठाँटी- मुक्तिनाथ केवलकार पूर्वाधार तयार गर्न निजी क्षेत्रलाई सहजीकरण गरिनेछ । | आगामी भाद्र २३ र २४ गते हुने Nepal Infrastructure Summit 2022 मा प्रस्तुत गर्ने गरि प्रारम्भिक अध्ययन प्रतिवेदन लगानी बोर्डले तयार गर्ने | १. लगानी बोर्ड |
| ३ | २१३ | काठमाडौंदेखि चितवनको यात्रा एक घण्टामा गर्ने गरी चन्द्रागिरी-चित्लाङ-पालुङ-चितवन द्रुत मार्ग पहिलो चरणमा निर्माण गर्ने । | आगामी भाद्र २३ र २४ गते हुने Nepal Infrastructure Summit 2022 मा प्रस्तुत गर्ने गरि प्रारम्भिक अध्ययन प्रतिवेदन लगानी बोर्डले तयार गर्ने | १. लगानी बोर्ड |
| ४ | २१३ | चितवन-रामपुर-बुटवल, चितवन-रामपुर-पोखरा द्रुतमार्ग निजी क्षेत्रको लगानीमा निर्माण गर्न लगानी बोर्ड नेपाल मार्फत प्रक्रिया अघि बढाइनेछ । | आगामी भाद्र २३ र २४ गते हुने Nepal Infrastructure Summit 2022 मा प्रस्तुत गर्ने गरि प्रारम्भिक अध्ययन प्रतिवेदन लगानी बोर्डले तयार गर्ने | १. लगानी बोर्ड |
| ५ | २१३ | मिर्चैया-लुक्ला-सगरमाथा द्रुतमार्ग समेत निजी क्षेत्रको लगानीमा निर्माण गर्ने प्रवन्ध मिलाइनेछ । | आगामी भाद्र २३ र २४ गते हुने Nepal Infrastructure Summit 2022 मा प्रस्तुत गर्ने गरि प्रारम्भिक अध्ययन प्रतिवेदन लगानी बोर्डले तयार गर्ने | १. लगानी बोर्ड |
| ६ | २१३ | मध्यपहाडी राजमार्गबाट जुम्ला-रारा-छायाँनाथ-लिमिसम्म नयाँ प्रविधिमा आधारित पर्यटकीय मार्ग निर्माणको लागि निजी क्षेत्रलाई आह्वान गरिनेछ । | आगामी भाद्र २३ र २४ गते हुने Nepal Infrastructure Summit 2022 मा प्रस्तुत गर्ने गरि प्रारम्भिक अध्ययन प्रतिवेदन लगानी बोर्डले तयार गर्ने | १. लगानी बोर्ड |
| ७ | २१३ | '.......आयोजनाहरूको सम्भाव्यताको विश्लेषण गरी आवश्यक भएमा पूर्वाधार निर्माणको लागि सरकारले सम्भाव्यता न्यून परिपूर्ति (भीजीएफ) रकम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । | १) नेपाल सरकारले VGF सम्बन्धमा स्पष्ट निर्देशिका तयार गरि लागू गरिनु पर्ने ।<br>२) न्यून परिपूर्ति कोषको स्थापना गरिनु पर्ने । | १) भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय<br>२) अर्थ मन्त्रालय<br>३) नेपाल राष्ट्र बैंक |

© Confederation of Nepalese Industries

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ८ | ७३ | नेपाली निर्माण व्यवसायीहरूलाई विदेशमा निर्माण व्यवसाय गर्न अनुमति प्रदान गर्ने कानूनी प्रबन्ध मिलाइनेछ। यसबाट सेवा निर्यातको थप अवसर सिर्जना हुने विश्वास लिएको छु। | १) निर्माण कम्पनीहरूलाई विदेशमा भएका ठेक्का आह्वानमा भाग लिन पाउने गरी कानून तर्जुमा गर्नुपर्ने।<br>२) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ खारेज गर्नुपर्ने।<br>३) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १० (क) बमोजिम नेपाल राष्ट्र बैंङ्कले निर्माण व्यवसाय क्षेत्रहरूमा लगानी गर्न पाउने गरी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने। | १) भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय<br>२) अर्थ मन्त्रालय<br>३) नेपाल राष्ट्र बैंक<br>४) धितोपत्र बोर्ड |
| ९ | २१४ | सरकारले निर्माण गर्ने ठूला र रूपान्तरणकारी पूर्वाधार आयोजनामा लगानी गर्ने गरी हरित ऋणपत्र निस्काशन गरी पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाइनेछ। | १) हरित ऋणपत्र सम्बन्धि आवश्यक कानून तर्जुमा गरी आवश्यक कार्यविधि तयार गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ऋणपत्र जारी गर्ने व्यवस्था कायम गर्नुका साथै यस्तो लगानी उपयोग हुने परियोजनाहरू किटान गरिनुपर्ने। | १) अर्थ मन्त्रालय<br>२) नेपाल राष्ट्र बैंक<br>३) धितोपत्र बोर्ड |
| १० | ३३४ | सम्पत्ति मौद्रिकीकरण विधिमार्फत नेपाल सरकार तथा सरकारी संघसंस्थाको लगानीमा निर्माण भएका जलविद्युत आयोजना, ठूला पूर्वाधार र सार्वजनिक संस्थानहरूको मौद्रिकीकरण गरी लगानीको थप स्रोत जुटाई सम्बन्धित आयोजना, संस्थान र उत्पादनमूलक परियोजनाहरूमा लगानी गर्न साधनको व्यवस्थापन गरिनेछ। | १) मौद्रिकीकरण गर्न सकिने सम्पत्तिको पहिचान गरी यस सम्बन्धमा स्पष्ट कानून तर्जुमा गर्ने।<br>२) यसरी सम्पत्ति मौद्रिकीकरण गरी प्राप्त भएको श्रोत कहाँ परिचालन गर्ने भन्ने समेत यकिन गरिनु पर्ने। | १) अर्थ मन्त्रालय<br>२) उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय |



© Confederation of Nepalese Industries

## साना तथा मझौला उद्योग

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ६३ | लघु, घरेलु र साना उद्योग प्रवर्द्धनका लागि मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रमलाई विस्तार गरिनेछ। स्थानीय तहको लगानी र पहलमा स्थापना भएका उद्योगहरूको व्यवस्थापकीय सुधार, प्राविधिक जनशक्तिको आपूर्ति, प्याकेजिङ, ब्राण्डिङ र बजारीकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु। अति विपन्न र सीमान्तकृत वर्गका नागरिकहरूलाई निजी क्षेत्रसमेतको सहभागितामा कार्यस्थलमा आधारित रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गर्ने प्रबन्ध मिलाएको छु। | १) प्रविधि हस्तान्तरण गर्न विस्तृत कार्ययोजना तथा कार्यविधि तयार गरिनुपर्ने ।<br>२) उद्योगहरूको व्यवस्थापकीय सुधार, प्राविधिक जनशक्तिको आपूर्ति, प्याकेजिङ, ब्राण्डिङ र बजारीकरणका लागि विस्तृत कार्ययोजना तथा कार्यविधि तयार गरी लागू गरिनुपर्ने<br>३) कार्यस्थलमा आधारित रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गर्न यस सम्बन्धि कार्यविधि निजी क्षेत्र सहितको सहभागितामा परिमार्जन गरिनुपर्ने । (२ वर्ष अनिवार्य काम लगाउनु पर्ने प्रावधानमा Hire and Fire को प्रावधान राखिनु पर्ने, सरकारले हाल ३ महिनाको लागि उपलब्ध गराएको न्युनतम वेतन बढाइनु पर्ने)<br>४) श्रम ऐन समेत आकर्षित हुने भएकोले सो समेत संशोधन गरिनुपर्ने । | १) उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय<br>२) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |

© Confederation of Nepalese Industries

## पर्यटन

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ८६ | नेपालको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई विश्व पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आय आर्जन र समृद्धिको आधारको रूपमा स्थापित गरिनेछ। आगामी वर्ष थप १० लाख पर्यटक भित्र्याउने गरी कार्यक्रम सञ्चालन गरिनेछ। नेपालको भौगोलिक विविधता र विकटतालाई पृथक र नवीन पर्यटकीय थलोको रूपमा विकास गरी नयाँ पुस्तालाई नेपाल भ्रमणको लागि आकर्षित गरिनेछ। दिगो विकास तथा वातावरण संरक्षणतर्फ संवेदनशील हुँदै उच्च मूल्यका हरित पर्यटन तथा पर्या पर्यटन प्रवर्द्धन गरिनेछ। | १. विदेशी चलचित्र छायांकन गर्न आउनेलाई नेपाल सरकारलाई बुझाउनु पर्ने शुल्क निश्चित समयको लागि मिनाहा गर्दै आवश्यक अनुमति (छायांकन, Drone) विद्युतीय मध्यमद्वारा एकद्वार प्रणाली मार्फत यथाशिघ्र सबै अनुमति प्रदान गर्न व्यवस्था गर्ने,<br>२. लक्षित स्रोत बजार र सम्भाब्य पर्यटकहरूको पहिचान सहितको पर्यटन पुनःउत्थान रणनैतिक योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने। | १. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>२. गृह मन्त्रालय |
| २ | ८८ | कोभिड-१९ महामारीबाट प्रभावित होटल लगायत पर्यटन क्षेत्र सम्बद्ध व्यवसायको आर्थिक वर्ष २०७९/८० को वार्षिक ईजाजत र नवीकरण दस्तुर छुट दिने व्यवस्था मिलाएको छु। पर्यटन क्षेत्रको पुनरूत्थानको लागि प्रवाह हुने सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिएको छु। होटेल व्यवसायलाई नेपालमा उत्पादित खाद्यान्न, माछामासु, तरकारी लगायतका वस्तुहरू प्रयोग गर्न उत्प्रेरित गरिनेछ। | १. कोभिडबाट अति प्रभावित व्यवसाय पर्यटन उद्योगलाई नेपाल राष्ट्र बैंकमार्फत सहुलियत पूर्ण कर्जा निरन्तरता दिनुपर्ने,<br>२. यसको प्रभावकारी कार्यान्वयनको लागि निजी क्षेत्रको सहभागितामा एक कार्यदल गठन गरी सहजीकरण गर्नुपर्ने। | १. अर्थ मन्त्रालय,<br>२. नेपाल राष्ट्र बैंक<br>३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ३ | ९० | पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ। प्रदेश सरकार र निजी क्षेत्रको सहकार्यमा पहाडी तथा हिमाली क्षेत्रमा मनोरञ्जनात्मक तथा साहसिक पर्यटनको लागि हिल स्टेशनहरू विकास गर्न प्रोत्साहन गरिनेछ। | १. पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न यस्ता पूर्वाधार आयोजना विकास गर्दा निजी क्षेत्रले पाउनु पर्ने सुविधा तथा सहुलियत तोकि सहकार्यको मोडालिटी तयार गरिनु पर्ने।<br>२. संरक्षित क्षेत्रहरूमा पर्यटकीय सेवा तथा आकर्षण सिर्जना गर्न निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्न त्यस्ता क्षेत्रहरू भित्रको भू-उपयोगको कार्यविधि तत्काल पारित गरी कार्यान्वयन गर्नुपर्ने | १. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>२. भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय |



© Confederation of Nepalese Industries

| क. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ४ | ९१ | आरोहणका लागि खुल्ला गरिएका हिमालहरूको आधार शिविरसम्म जाने पदमार्गहरूको स्तरोन्नति गरिनेछ। पदमार्गमा सञ्चार सुविधाको पहुँच विस्तार गर्न बजेट व्यवस्था गरेको छ। उच्च हिमाली क्षेत्रमा पूर्वदेखि पश्चिमसम्म फैलिएको ग्रेट हिमालयन ट्रेलको निर्माणका लागि रु. ३३ करोड विनियोजन गरेको छ। | १. नेपाल पर्वतारोहण संघ र Trekking Agencies' Association of Nepal लाई संलग्न गराई कार्यान्वयन गर्नुपर्ने। | १. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>२. नेपाल पर्वतारोहण संघ,<br>३. Trekking Agencies' Association of Nepal<br>४. प्रदेश तथा स्थानीय सरकार |
| ५ | १०१ | नेपाल नागरिक उड्डयन प्राधिकरणको पुनःसंरचना गरी सेवा प्रदायक र नियामकको रूपमा छुट्टाछुट्टै निकाय स्थापना गरिनेछ। | १. राष्ट्रिय सभाबाट पारित भइ सकेको यसैसंग सम्बन्धित विधेयक प्रतिनिधि सभाबाट छिटो पारित गरिनु पर्ने।<br>२. हवाई सुरक्षाका लागि नयाँ प्रविधि प्रयोग गर्नुपर्ने, विद्यमान सुरक्षा मापदण्डलाई समयानूकुल सुधार गरी अनुगमन गर्ने संयन्त्र निर्माण गर्नुपर्ने। | १.संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |

© Confederation of Nepalese Industries

## सार्वजनिक निजी साझेदारी

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ३४० | अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा थप सहजता ल्याउन र रणनीतिक महत्वको क्षेत्रमा राज्यको उपस्थिति सुदृढ बनाउन सघाउ पुग्ने गरी आधुनिक व्यवस्थापकीय मान्यता अनुकूल सञ्चालन गर्न क्रमशः संस्थानहरूको पुनर्संरचना गरिनेछ। घाटामा सञ्चालित सार्वजनिक संस्थानहरूको संस्थागत सुशासनलाई सुदृढ गरी वित्तीय क्षमता सबलीकरण गर्न व्यवसायिक सुधार र रणनीतिक साझेदार भित्र्याउन कम्पनी मोडलमा परिवर्तन गर्ने लगायतका उपयुक्त विधि अवलम्वन गरिनेछ। | १. कुन कुन प्रतिष्ठानहरूमा रणनैतिक साझेदार भित्र्याउने सो कुरा किटान गरिनु पर्ने। रणनैतिक साझेदारको दायित्व के के हुने सो समेत स्पष्ट किटान गरिनु पर्ने।<br>२. यस्ता संस्थानहरू संचालन गर्ने शर्तमा निजीकरण गरिनु पर्ने। | १. उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय<br>२. अर्थ मन्त्रालय |
| २ | ३४१ | सार्वजनिक संस्थानहरूको भौतिक र वित्तीय सम्पत्तिको सूचना प्रविधिमा आधारित एकीकृत अभिलेख राख्ने व्यवस्था मिलाइनेछ। रूग्ण तथा बन्द प्राय अवस्थामा रहेका जनकपुर चुरोट कारखाना, कृषि औजार कारखाना, गोरखकाली रबर उद्योग, ओरियण्ट एण्ड म्याग्नेसाईट, नेपाल मेटल कम्पनी, विराटनगर जुट मिल, वीरगञ्ज चिनी कारखाना, हेटौडा कपडा उद्योग र बुटवल धागो कारखाना उपयुक्त ढाँचामा सञ्चालनमा ल्याइनेछ। सार्वजनिक पदधारण गर्ने व्यक्तिहरूले हेटौडा कपडा उद्योगबाट उत्पादित कपडाको पोशाक प्रयोग गर्ने व्यवस्था मिलाइनेछ। | १. दशकौं देखि बन्द रहेका यस्ता उद्योग संचालनको सम्भावना नरहेको यकिन भइसकेको अवस्थामा यस्ता उद्योगको ब्राण्ड तथा छवि पुनः उपयोग गर्न पाउने गरी हाल रहेका उद्योग खारेज गर्न आवश्यक व्यवस्था समावेश गरी औद्योगिक व्यवसाय ऐन २०७६ तथा औद्योगीक व्यवसाय नियमावली २०७८ संशोधन गर्नपर्ने।<br>२. निजी क्षेत्रबाट संचालित उद्योगहरूको उत्पादन समेत सरकारी कार्यालयहरूले अनिवार्य प्रयोग गर्नुपर्ने व्यवस्था गर्नुपर्ने। निजी ब्राण्डमा स्थानीय कर तथा मूल्य अभिबृद्धि कर छुट दिनको लागी आवश्यक व्यवस्था मिलाउने। | १. उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय |



© Confederation of Nepalese Industries

## सूचना तथा प्रविधि

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | २७८ | साइबर सुरक्षाको सुनिश्चतता: एक्काइसौं शताब्दीको आवश्यकता भन्ने अवधारणालाई कार्यान्वयन गर्न राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापनाको कार्य अगाडि बढाइने छ ।<br>उक्त केन्द्रलाई साइवर सुरक्षाको विषयमा अनसुन्धान सम्बन्धी अधिकार प्राप्त निकायको रुपमा विकास गरिनेछ । नेपाल सरकारका विद्युतीय प्रणालीहरूको साईवर सुरक्षा परीक्षण गर्ने व्यवस्था मिलाइने छ । | १. प्रस्तावित साइबर सुरक्षा सम्बन्धि विधेयक २०७९ मा अनलाईन सुरक्षाका विषय समेत समावेश गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गर्नुपर्ने ।<br>२. हाल प्रचलनमा रहेको गोपनियता सम्बन्धि ऐन २०७५ मा डिजिटल गोपनियता सम्बन्धि व्यवस्था नरहेकाले सो ऐनको दफा १९ लाई संशोधन गरी विद्युतिय रुपमा हरेक व्यक्तिको संवेदनशील सूचना संकलन् गर्दा सूचनाको स्पष्ट सहमति (जस्तै सो व्यक्तिलाई सूचनाको संकलन वा प्रयोग सम्बन्धमा सहमत वा असहमत रहेको विकल्प स्पष्ट रुपमा प्रस्तुत गरिएको) हुनुपर्ने तथा संकलनका अन्य विषयहरू निर्धारण गर्नुपर्ने ।<br>साथै गोपनियता सम्बन्धि ऐन २०७५ को दफा २८ मा रहेको सूचना सच्चाउने प्रावधान निजी क्षेत्रमा पनि लागू हुने गरी संशोधन गर्नुपर्ने ।<br>३. प्रस्तावित सूचना प्रविधि सम्बन्धि विधेयक २०७५ मार्फत सूचना स्थानियकरणका सम्बन्धमा स्पष्ट व्यवस्था, सूचना अन्य देशहरूमा स्थानान्तरण गर्दा सूचनाको पूर्ण सुनिश्चितताका लागि अपनाउनु पर्ने कार्यविधि र सम्बन्धित व्यक्ति तथा कानून बमोजिम स्थापना गरिएको सूचना सुरक्षण सम्बन्धि निकायलाई सूचनामा भएका अनाधिकृत पहूँचको विषयको जानकारी वा सूचना दिनुपर्ने व्यवस्था गरी कार्यान्वयनमा ल्याउने ।<br>४. सूचना प्रविधि सम्बन्धि विधेयक २०७५ ले सुरक्षा तथा प्रशासन सम्बन्धि विषय जस्तै सूचना प्रशोधन तथा भण्डारण गर्ने संस्थाको प्राविधिक लेखा परिक्षण, सूचना सुरक्षण अधिकृत नियुक्ति जस्ता विषयको प्रावधान गरेता पनि सो व्यवस्था सरकारी कार्यालय (मन्त्रालय) हरूमा मात्र सिमित गरेको कारण सो व्यवस्थालाई व्यक्तिगत सूचना तथा संवेदनशील सूचनासँग सम्बन्धी कार्य गर्ने निजी क्षेत्र (जस्तै सामाजिक सञ्जाल, ओटीटी प्लेटफर्म, ई कमर्श प्लेटफर्म) लगायतलाई पनि लागु हुने गरी परिमार्जन गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने ।<br>५. कानूनी रुपमा आपराधिक कार्य नियन्त्रण गर्नका लागि विभिन्न संचार माध्यममा भईरहेका विषय (कुराकानी, वार्तालाप) सुन्न तथा त्यसमा कानूनी रुपमा सम्बन्धित अधिकारीलाई पहुँच दिन ईन्टरसेप्सन सम्बन्धमा उपयुक्त सूचना प्रविधि सम्बन्धि विधेयक २०७५ मा व्यवस्था गरी आवश्यक कार्यविधि सञ्चार तथा सूचना प्रबिधि मन्त्रालयले तोक्न सक्ने भनि व्यवस्था गर्ने । | १. नेपाल दुरसञ्चार प्राधिकरण<br>२. सञ्चार तथा सूचना प्रबिधि मन्त्रालय |

© Confederation of Nepalese Industries

| क. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| २ | २८१ | सूचना तथा प्रसारण विभागको क्षमता अभिवृद्धि गरी डिजिटल प्लेटफर्म अनलाइन टेलिभिजनको नियमन र अनुगममनलाई प्रभावकारी बनाइनेछ। | १. फागुन १९, २०७८ मा संशोधन गरी राष्ट्रिय प्रसारण नियमावली २०५२ ले डिजिटल प्लेटफर्म तथा अनलाइन टेलिभिजनको नियमन गर्नका लागि ओटीटी, अनलाईन टिभी, भिडियो अन डिमाण्ड जस्ता प्लेटफर्महरूलाई नियमन गर्न खोजेको देखिन्छ। तर ओटीटी शब्दको परिभाषा, ओटीटी प्लेटफर्मको दर्ता, जस्ता विषय नियमावलीमा स्पष्ट नभएका कारण संशोधनको कुनै खास प्रभावकारिता देखिदैन। साथै प्रसारण कार्य पुरानो माध्यमबाट हुने र हाल प्रचलनमा रहेका ओटीटी सेवा इन्टरनेटबाट आदान प्रदान हुने हुनाले सो नयाँ प्रविधिलाई राष्ट्रिय प्रसारण नियमावली २०५२ बाट नियमन गर्दा सो सम्बन्धि सम्पूर्ण विषय नियमावलीले नसमेट्ने हुँदा सो विषयमा छुट्टै ऐन नियम बनाई नियमन गर्नु उचित हुन्छ।<br>२. सूचना प्रविधि सम्बन्धि विधयेक २०७५ जारी गरी उपयुक्त कार्यविधि सञ्चार तथा सूचना प्रबिधि मन्त्रालयले तोक्न सक्ने भनि व्यवस्था गर्ने। सामाजिक सञ्जाल तथा अन्य भिडियो स्ट्रिमिङ एप्लिकेशनका सामाग्रीको नियमन तथा सो प्लेटफर्महरूले अपनाउनु पर्ने सामाग्री मूल्यांकनका विषयमा उपयुक्त व्यवस्था गर्ने र गैरकानूनी सामाग्रीलाई त्यस्ता सामाजिक संञ्जालबाट हटाउन र नियमक निकाय जस्ता व्यवस्था तोकि उपयुक्त कार्यविधि बनाउने। | १. नेपाल दुरसञ्चार प्राधिकरण<br>२. सञ्चार तथा सूचना प्रबिधि मन्त्रालय |
| ३ | २८३ | डिजिटल नेपाल फ्रेमवक २०७६ कार्यान्वयन गरी पहिलो चरणमा संघीय मन्त्रालयहरूलाई डिजिटल कार्यालयमा रूपान्तरण गरिनेछ। | १. डिजिटल नेपाल कार्यान्वयन गरेसँगै विभिन्न सुरक्षाका नीति नियम पनि तयार गर्नपर्ने आवश्यकता देखिन्छ जस्तै विगतका दिनहरूमा सरकारी वेबसाईटहरू सुरक्षित नभएका कारण ह्याक भई सूचनामा अनाधिकृत पहुँच भएको कारण माथि उल्लेखित डिजिटल सुरक्षाका विषयहरू अंगीकृत गरी नीति नियम बनाउन आवश्यक रहेको छ। सो सम्बन्धि व्यवस्था सूचना प्रविधि सम्बन्धि विधेयक २०७५ मा थप गरी उपयुक्त सुरक्षा सम्बन्धि मापदण्ड सञ्चार तथा सूचना प्रबिधि मन्त्रालयले तोक्न सक्ने भनि व्यवस्था गर्ने। | १. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |



© Confederation of Nepalese Industries

## अन्य

| क्र. स. | बजेट बुंदा नं. | बजेटको प्रावधान | गर्नुपर्ने कार्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ३८९ | नागरिकता तथा राष्ट्रिय परिचयपत्र प्रदान गर्दा कै बखत व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ। नाबालिग नागरिक समेत लगानी वा व्यवसायमा संलग्न भएमा उनीहरूलाई जन्म दर्ता वा नावालिग परिचयपत्र र अभिभावकको परिचय पत्रको आधारमा स्थायी लेखा नम्बर प्रदान गर्ने व्यवस्था मिलाएको छु। | १. आयकर ऐन २०५८ को दफा ७८ (३) बमोजिम तत्काल राजपत्रमा सूचना प्रकाशन गरी नावालिगलाई नाबालक परिचय पत्रको आधारमा स्थायी लेखा नम्बर प्रदान गर्ने व्यवस्था गर्नुपर्ने। | १. आन्तरिक राजस्व विभाग<br>२. अर्थ मन्त्रालय |
| २ | ४१७ | संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारमा रहेको करको प्रशासन तथा संकलन कार्यलाई व्यवस्थित गरी दोहोरोपन हुन नदिन अध्ययन गरी आवश्यक प्रबन्ध गरिनेछ। | १. तीन वटै तहमा संकलन हुने कर तथा राजश्व एकद्वार प्रणालीमार्फत एकै स्थानबाट संकलन हुने व्यवस्था गरिनु पर्ने।<br>२. सालबसाली रुपमा आन्तरिक राजस्व विभागलाई राजस्व परामर्श समितिले कर प्रणालीमा सुधार गर्नुपर्ने भनि दिएको सुझावहरू अनुशरण गरि कर कानून संशोधन गर्नुपर्ने।<br>३. संघीय कानून तथा स्थानीय कानून दुवैमा घर बहाल कर लिने भन्ने व्यवस्था रहेको हुँदा दोहोरो कर नलाग्ने गरी एकीकृत गरी संशोधन गर्नुपर्ने। | १. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग,<br>२. अर्थ मन्त्रलय<br>३. आन्तरिक राजस्व विभाग |

© Confederation of Nepalese Industries

© Confederation of Nepalese Industries

**CONFEDERATION OF NEPALESE INDUSTRIES (CNI)**
P.O.Box No. 21056, Trade Tower, 5th floor, Thapathali, Kathmandu
Tel: 977-01-5111122/5111123 | Fax: 977-01-5111125
Email: cni@cnind.org | Website: www.cni.org.np

© Confederation of Nepalese Industries